२०१९
NJ: NUTA

# एकाङ्की र नाटक शिक्षणका विधि तथा प्रक्रिया

**नारायणप्रसाद पन्थ**
नेपाली विभाग, बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
**इमेल :** panthanarayan25@gmail.com
**DOI:** https://doi.org/10.3126/nutaj.v11i1-2.77031

**लेखसार**

एकाङ्की र नाटक पात्रका माध्यमबाट अभिनय गरिने संवादात्मक विधा हो । यी साहित्यका श्रव्य तथा दृश्य भेदमध्ये दृश्यकाव्यअन्तर्गत पर्दछन् । नाटकमा घटना, परिवेश र पात्रको गतिविधिअनुसार अङ्क र दृश्यहरूको व्यवस्थापन गरी अभिनय, गायन तथा नृत्यलाई जोडेर प्रस्तुत गरिएको हुन्छ । प्रदर्शनमैत्री, अभिनयमैत्री तथा दृश्यात्मक विधा यसका विशेषता हुन् । एकाङ्की एउटै उद्देश्य, एउटै घटना तथा विषयगत एकोन्मुखता भएको विधा हो । प्रस्तुत लेखको उद्देश्य एकाङ्की र नाटक शिक्षणका विधि र प्रक्रियाको पहिचान गरी विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धानमा आधारित यस लेखमा उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रुपन्देही जिल्लामा रहेका पाँचओटा क्याम्पसमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षकलाई सहभागी गराइएको छ । यसक्रममा शिक्षकसँग भेटघाट तथा अन्तरवार्ताद्वारा तथ्य सङ्कलन गरिएका छन् । द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट पनि सामग्री सङ्कलन गरी प्राप्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार एकाङ्की र नाटक शिक्षणका विधि र प्रक्रियाप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएको छ । शिक्षकका अनुसार एकाङ्की र नाटक शिक्षणलाई भाषाशिक्षण सिकाइसँग जोड्नुपर्दछ । आदर्श नाट्य विधिबाट पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन र शरीर सञ्चालन वा हाउभाउद्वारा वाचन गर्न सकिन्छ । व्याख्या विधिमा एकाङ्की र नाटकका तत्त्वगत आधारमा विवेच्य पक्षमाथि गुणदोषको निरूपण गर्न सकिन्छ । रङ्गमञ्च अभिनय विधि रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि भएकाले यसमा पात्रअनुकूल नाटकीकरणसमेत गर्न लगाउन सकिन्छ । समीक्षा विधिमा तत्त्वगत आधारमा प्रश्नोत्तर तथा छलफल गर्दै समीक्षा गर्न सकिन्छ । संयुक्त विधिअनुसार विद्यार्थीलाई पात्र अनुकूल वाचनको अभ्यास गराउन सकिन्छ । यसरी प्रस्तुत अध्ययनमा कक्षाको परिस्थिति, एकाङ्की र नाटकको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ । यस अध्ययनबाट यस क्षेत्रमा रही अन्वेषण गर्न चाहने विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्तालगायतलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी विश्लेषण गर्न मदत पुग्ने अपेक्षा गरिएको छ ।

*शब्दकुञ्जी :* अभिनयमूलक, दृश्य काव्य, मनोरञ्जनात्मक विधा, रङ्गमञ्चीय कला, संवादात्मक संरचना

## विषयपरिचय

नाटक अभिनयमूलक एवम् रङ्गमञ्चीय कला भएको समृद्ध विधा हो । नाटकलाई अनुकरण गरिने साहित्यिक रचना मानिएको छ । साहित्यमा नाटक बहुचर्चित, सर्वप्राचीन एवम् समृद्धतम् विधाका रूपमा स्थापित छ ।

पाश्चात्य काव्यशास्त्रका प्रणेता अरिस्टोटलले नाटकलाई जीवनको अनुकरण ठह्र्याउँदै त्यसको अनुकरण भनेका छन् । यसलाई मुख्य पात्र भएको तथा अन्य सहायक पात्रहरू भएको, अभिनेयात्मक गुणले भरिपूर्ण, विशिष्ट धीरोदत्त ब्राह्मण, क्षेत्री तथा देवता नायक भएको, सुखदुःखको चित्रण गरिएका अनेकौँ रस भए पनि वीर र शृङ्गारमध्ये एउटा रस मुख्य भएको अभिनयमूलक काव्यकृति मानिएको छ । यसमा घटना, परिवेश र पात्रको गतिविधिअनुसार अङ्क र दृश्यहरूको व्यवस्थापन गरिएको हुन्छ । यसलाई गायन, नर्तन, लीला, खेल, प्रहसनजस्ता पक्षबाट हेरिन्छ । प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको व्याख्या अनुकरण हो । यसमा अभिनय, गायन तथा नृत्यलाई जोडेर प्रस्तुत गरिन्छ । यो विषयवस्तुमा आधारित प्रदर्शनमैत्री, अभिनयमैत्री तथा दृश्यात्मक विधा हो । अङ्ग्रेजीमा 'ड्रामा' शब्दको अर्थ 'एक्ट' (अभिनय गर्नु) र 'एक्सन' (अभिनय) सँग निकट देखिन्छ । अङ्ग्रेजीमा 'प्ले' को अर्थ 'खेल' हुन्छ । अङ्ग्रेजीमा नाटकका अर्थमा 'थिएटर' शब्द पनि प्रयोग गरिएको पाइन्छ । यसको मूल अर्थ रङ्गमञ्च हो र रङ्गमञ्चमा प्रदर्शन हुने भएका कारण नाटकलाई थिएटर (ठेटर) भनिएको हो (आचार्य, २०६६, पृ. १) । संस्कृत भाषामा नाटक शब्दको निर्माण नट् धातुमा अक् प्रत्यय लागेर भएको छ । नट् धातुले नाच र अभिनय भन्ने अर्थ दिएको छ । नाटक इतिहास प्रसिद्ध लोक कथावस्तु भएको, पञ्चसन्धिले युक्त, सुखदुःखको चित्रणमा अनेकौँ रसको प्रयोग गरिएको भए पनि वीर र शृङ्गारमध्ये कुनै एक रस मुख्य भएको साथै घटीमा ४/५ र बढीमा ९/१० अङ्क भएको, घटीमा ४/५ जना र बढीमा ६/७ जना मुख्य पात्र भएको र अन्य सहायक पात्रहरू भएको, अभिनेयात्मक गुणले भरिपूर्ण साहित्यिक कृति हो (पन्थ, २०७८, पृ. ११८) । यो जीवनजगत्को अनुकरण गरिएको सङ्गठित वस्तुले युक्त पात्रका माध्यमबाट अभिनय गरिने संवादात्मक संरचना हो । यसमा नाटकीकरण, प्रश्नोत्तर र संवादात्मकताजस्ता पक्षमा विचार पुर्‍याइएको हुन्छ ।

एकाङ्की र नाटक शिक्षणका प्रयोजन मानिसका स्वभाव र चरित्रको अभिनयात्मक ढङ्गले भावाभिव्यक्ति, वाचनकलाको विकास, आरोह, अवरोह र आघातका बारेमा अभ्यास गराइ हाउभाउपूर्ण अभिव्यक्ति दिनसक्ने तुल्याउनु हो । यसबाट हाउभाउ, आङ्गिक सञ्चालन, मुखमुद्रा, हावभावजस्ता भाषिकेतर क्रियाकलापद्वारा भाषिक सिपको विकास गराइन्छ (पन्थ, २०७८, पृ. १२८) । नाटक शिक्षणमा हाउभाउ प्रदर्शन गरी विचारको प्रस्तुतीकरण र व्यवहार गर्ने, अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्ने, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्ने र तार्किक क्षमताको विकास गर्नेजस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

आचार्य विश्वनाथको भनाइअनुसार नाटकमा इतिहास प्रसिद्ध पात्र र कथावस्तु हुनुपर्छ । विभिन्न ऐश्वर्य र सुखदुःखका घटनाहरूको वर्णन हुनु आवश्यक छ । नाटकको कथा पाँच अङ्कदेखि दस अङ्कसम्म हुनुपर्छ । पाश्चात्य जगत्मा एरिस्टोटलले इतिहास र पुराणका प्रसिद्ध व्यक्तिलाई नै नायकत्व प्रदान गर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । यस्तो स्थितिमा मात्र प्रेक्षक र पात्रको बिच तादात्म्य भाव स्थापना हुनसक्छ । विरेचनका लागि यो आवश्यक पनि छ भन्ने विचार एरिस्टोटलले व्यक्त गरेका छन् । उक्त व्यक्तिको पतनले पाठक वा प्रेक्षक द्रवीभूत हुन्छ (थापा, २०८०, पृ. ८६) ।

एकाङ्की र नाटक शिक्षण अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्न, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्न र तार्किक क्षमताको विकास गराउन गरिन्छ । यसबाट अभिवादन, आभार, कुराकानी, छलफल, संवाद, वादविवाद, अन्तर्वार्ता, नाटकीकरण, भूमिका तथा अभिनयलगायतका क्रियाकलापको विकास गराउन सकिन्छ । यसमा अर्काको व्यवहार, आनीवानी, स्वभाव एवम् चारित्रिक विशेषताको दृश्य श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुति हुन्छ । त्यसैले यसबाट मौखिक अभिव्यक्तिका माध्यमले आफ्ना भावना, संवेग तथा विचारको प्रभावपूर्ण आत्मप्रदर्शनमा अभ्यस्त गराउन सकिन्छ । अभिनयात्मक ढङ्गबाट अरूले

गरेका व्यवहारको अनुकरण गर्न, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्न र तार्किक क्षमताको विकास गराउन एकाङ्की र नाटक शिक्षण गरिन्छ । नाटक बोलाइ र पढाइसँग प्रत्यक्ष सम्बन्धित छ तर पनि यसबाट भाषाका चारओटै सिप विकास गराउन सकिन्छ । शिक्षकले नाटक विधाको उपयोग गर्दा पाठ्यसामग्रीका विषयवस्तुमा भन्दा बढी ती विषयवस्तुको माध्यमबाट भाषिक सिपको विकासमा जोड दिनुपर्छ । यसबाट अभिवादन, आभार, कुराकानी, छलफल, संवाद, वादविवाद, अन्तर्वार्ता, नाटकीकरण, भूमिका तथा अभिनयलगायतका क्रियाकलापको विकास गराउन सकिन्छ ।

एकाङ्की र नाटक शिक्षणका प्रयोजन मानिसका स्वभाव र चरित्रका बारेमा अभिनयात्मक ढङ्गले भावाभिव्यक्ति, वाचनकलाको विकास, आरोहअवरोह र आघातका बारेमा अभ्यास गराइ हाउभाउपूर्ण अभिव्यक्ति दिनसक्ने तुल्याउनु हो । यसबाट हाउभाउ, अङ्ग सञ्चालन, मुखमुद्राजस्ता भाषिकेतर क्रियाकलापद्वारा भाषिक सिपको विकास गराइन्छ । हाउभाउ प्रदर्शन गरी विचारको प्रस्तुतीकरण र व्यवहार गर्ने, अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्ने, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्ने र तार्किक क्षमताको विकास गर्नेजस्ता क्रियाकलापबाट शिक्षण गर्न सकिन्छ । एकाङ्की र नाटक शिक्षणका विधि र प्रक्रियाको सान्दर्भिकता के हो भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रही अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखका लागि रुपन्देही जिल्लामा रहेका पाँचओटा क्याम्पसहरू सहिद नारायण पोखेल बहुमुखी क्याम्पस रुपन्देही, बुटवल बहुमुखी क्याम्पस बुटवल, सिद्धार्थ बहुमुखी क्याम्पस बुटवल, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा रुपन्देही र सिद्धार्थ क्याम्पस, कपिलवस्तु गरी जम्मा पाँचओटा क्याम्पसमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षकलाई सहभागी गराइएको छ । यस क्रममा नेपाली विषय शिक्षकसँग भेटघाट तथा अन्तर्वार्ताद्वारा तथ्य सङ्कलन गरिएका छन् । आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट पनि सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धान ढाँचाअनुसार स्नातक तहमा एकाङ्की र नाटक शिक्षणका विधि र प्रक्रियाप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गरिएको छ । यस लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिँदै नेपाली विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा एकाङ्की र नाटक शिक्षणका विधि र प्रक्रियाप्रति शिक्षकका अनुभव पहिचान गरिएका छन् । यसक्रममा सहभागी शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार गरी क्रमशः शिक्षक दश गरी सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा साझा धारणा प्रस्तुत गरी आवश्यकताअनुसार व्यक्तिगत धारणा उल्लेख गरिएका छन् । यसबाट निकै थोरै मात्रामा चर्चा गरिएका स्नातक तहमा एकाङ्की र नाटक शिक्षणका विधि र प्रक्रियाप्रति शिक्षकका अनुभवको तथ्यपरक विश्लेषण र निरूपण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

दृश्य पाठ्य र श्रव्य पाठ्य गरी साहित्यका दुई भेदमध्ये एकाङ्की र नाटक दृश्य-पाठ्यअन्तर्गत रहेका छन् । एक अङ्कको एकाङ्की र एकभन्दा बढी अङ्कमा पूर्ण हुने नाट्य विधा पूर्णाङ्की नाटक हो । यसले एक अङ्कमा पूर्ण हुने भन्ने अर्थबोध गराउँछ । प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको एउटा रूपलाई 'वान् याक्ट प्ले' (One Act Play) भनिन्छ । त्यही नै पूर्वीय जगत्मा प्रचलित एकाङ्की हो । एकाङ्की एक कथानक, चरित्र वा पात्र तथा संवाद र कार्यव्यापारलाई संयोजित गरेर लेखिन्छ । कुनैमा चरित्रको, कुनैमा कार्यको र कुनैमा संवादको प्रधानता रहन्छ । कुनै एकाङ्कीको कथानक स्थूल वा परिपुष्ट हुन्छ भने कुनैको सूक्ष्म । कुनै एकाङ्की

कार्यव्यापारमय हुन्छ भने कुनै कार्यहीन पनि हुन्छ। नेपालीमा लेखिँदै आएका एकाङ्की प्रायः यस्तै छन्। प्रयोगधर्मी एकाङ्की भने स्वरूप र संरचनामा भिन्न देखिन्छन् (उपाध्याय, २०६७, पृ. २६०)। यसरी एकाङ्कीलाई विभिन्न अङ्कमा लेखेर नाटक बन्दैन र नाटकको एउटा अङ्कले एकाङ्की बन्दैन। एउटा मात्रै घटना विशेषको प्रस्तुति रहेको नाट्यविधा एकाङ्की हो।

घटनाविशेषको प्रस्तुति एकाङ्कीमा हुने भएकाले आख्यानात्मकता; एउटा मात्रै घटनाको प्रस्तुति हुने भएकाले सङ्क्षिप्तता; नाट्यविधा भएकाले अभिनेयात्मकता र संवादात्मकता एकाङ्कीका विशेषताका रूपमा देखिन्छन् (भण्डारी र अन्य, २०६८, पृ. ४०५)। यसरी यो आफैँमा स्वतन्त्र एवम् पूर्ण अस्तित्व बोकेको साहित्यिक विधा हो। नाट्यात्मकता नाटक र एकाङ्की दुवैका साझा विशेषता भए पनि नाटकलाई छोट्याएर एकाङ्की तथा एकाङ्कीलाई लम्ब्याएर नाटक बनाउन सकिँदैन। "नेपाली वृहत् शब्दकोशअनुसार एकाङ्की एक अङ्क मात्र भएको वा हुने आफैमा पूर्ण, छोटो नाटक; एक अङ्क मात्र हुने एक प्रकारको दृश्यकाव्य भनी परिभाषित गरिएको छ" (२०७२, पृ. १५८)।

बालकृष्ण समले शारदाको नव वर्षाङ्क ८। १ वैशाख १९९९ पत्रिकामा एकाङ्कीमा एउटै विषय, एउटै समय र एउटै अङ्क वा दृश्य हुनु आवश्यक छ। एक र अनेक अनेकमा जति टुक्रा पनि हुन सक्तछ, तर एकमा एकचोटि पनि नटुटेको नटुक्रेको सिङ्गो हुनुपर्दछ - छोटो, सानो भए पनि। यो घोड दौडको एक दौड जस्तो हो, जसमा विश्राम हुनुहुँदैन, जसलाई दर्शकहरू सासको गति रोकेर भने जस्तो, आँखा झिम नगरेर भने जस्तो हेर्दछन्, दौडको बिचमा उनीहरू जति कराऊन् उनका मस्तिष्क अवाक् रहन्छन् अन्तमा खेलाको छिनाफाना भएपछि अथवा खेल खतम भएपछि मात्र ती संदिग्धको बाँधबाट खुस्कन्छन् अनि खुकुलो भएर बगैंचामा जस्तो कुरा गर्न थाल्दछन् भन्ने कुरा उल्लेख गरेका छन् (पोखरेल, २०८१, पृ. २८६)।

यसरी एकाङ्की एक अङ्कमा लेखिने स्वयम्मा पूर्ण दृश्यपाठ्य साहित्यिक विधा हो। यो मौखिक अभिव्यक्ति सिप विकाससँग सम्वन्धित भएकाले यसमा अर्काको व्यवहार, आनीवानी, स्वभाव एवम् चारित्रिक विशेषताको दृश्य, श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुति हुन्छ। सम्बन्धित एकाङ्कीका विषयवस्तु, पात्र विधान, भाषाशैली, वातावरण, संरचना, घटना, तत्त्व आदि विभिन्न पक्षहरूका बारेमा विद्यार्थीले के कति बुझेछन् भन्ने दृष्टिले प्रश्नहरू सोधी उत्तर दिन लगाउनेजस्ता क्रियाकलाप गराउनु आवश्यक हुन्छ (शर्मा र पौडेल, २०७२, पृ. २२६)। रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, वातावरण, संरचना, घटना, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउन सकिन्छ। कथानक, संवाद, भाषाशैली, चरित्रचित्रण, परिवेश र शीर्षकलगायतका आधारमा नाटक एकाङ्कीको समीक्षा गरिन्छ (ढकाल र खतिवडा, २०७५. पृ. ८८)। रूपक व्यक्तिका व्यवहार, स्वभाव, रूपाकृतिको दृश्य श्रव्यात्मक वा अभिनेयात्मक प्रस्तुति हो। यो अभिनयात्मक विधा हो। यो कथ्य भाषासँग सम्बन्धित भएकाले मौखिक अभिव्यक्तिका माध्यमले व्यक्तिका भावना, चरित्र आदिको प्रदर्शन गरिन्छ। नाटक, एकाङ्की, संवाद, वादविवाद, मनोवाद, वक्तृता आदिका माध्यमबाट रूपकीय प्रस्तुति गरिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ११-१२), २०७६)। यसरी विद्यार्थीले लेखेका समीक्षालाई कक्षामा वाचन गर्न लगाउने गरिएको छ। एकाङ्कीमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरी दिएर विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याको अभ्यास गराउने गरिएको छ। एकाङ्कीबाट अभिवादन, आभार, कुराकानी, छलफल, संवाद, वादविवाद, अन्तर्वार्ता, नाटकीकरण, भूमिका तथा अभिनयलगायतका क्रियाकलापको विकास गराउन सकिन्छ।

नाटक साहित्यको दृश्यकाव्यअन्तर्गत पर्दछ । यसमा घटना, परिवेश र पात्रको गतिविधिअनुसार अङ्क र दृश्यहरूको व्यवस्थापन गरिएको हुन्छ । यसलाई गायन, नर्तन, लीला, खेल तथा प्रहसनजस्ता पक्षबाट हेरिन्छ । "मानिसको स्वभाव र चरित्रको बारेमा अध्ययन गराई अभिनेयात्मक ढङ्गले भावाभिव्यक्ति, उच्चारण वा वाचनकलाको विकास गराउनु यस विधाको लक्ष्य रहेको हुन्छ । यसका अतिरिक्त स्वरको आरोह, अवरोह, आघात आदिका बारेमा अभ्यास गराई हाउभाउपूर्ण अभिव्यक्ति दिन सक्ने तुल्याउनु यसको उद्देश्य रहेको हुन्छ" (माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५) । काव्यशास्त्रीहरू नाटकलाई रूपकको एक भेद मान्दछन् तर रूपकका विभिन्न भेदहरूमा नाटक नै उत्कृष्ट भेद भएको हुँदा नेपाली काव्यशास्त्रीहरू 'नाटक' शब्द प्रयोग गर्दछन् । 'नाटक' भन्ने नामले नै दृश्य काव्यका तमाम भेदहरूलाई चिन्न थालिएको छ । जसको अभिनय गर्न सकिन्छ त्यो दृश्य काव्य हो अर्थात् दृश्य भनेको अभिनेय हो (पोखरेल, २०५९, पृ. १६४) । नाटकको रचना पठनका निम्ति मात्र नभई प्रदर्शनका निम्ति पनि भएको हुन्छ । नाटकको विधागत स्वरूपलाई स्पस्ट्याउनका निम्ति यसको साहित्यिक पक्ष जति महत्त्वपूर्ण हुन्छ, मञ्चनपक्ष पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ (आचार्य, २०६६, पृ. ७) । संवाद, मञ्चन वा अभिनय नाटकका प्रमुख तत्त्व हुन् । यसबाट हाउभाउ, अभिनय र भूमिकानिर्वाह गर्ने सिपको विकास गराउन सकिन्छ (पन्थ, २०६७, पृ. १९४) । संवाद वा कथोपकथनका माध्यमबाट मानवजीवनका विभिन्न क्रियाकलापहरूको अनुकरण गरी अभिनयमूलक ढङ्गमा पाठक वा दर्शकका निम्ति प्रस्तुत गरिने मनोरञ्जनात्मक साहित्यिक विधालाई नाटक भनिन्छ (भण्डारी र अन्य, २०६८, पृ. ३२६) । एकाङ्की र नाटक घटना वा विषयवस्तुलाई हाउभाउद्वारा प्रदर्शन गरिने गरी तयार गरिएको रचना हो ।

'नेपाली बृहत् शब्दकोश'अनुसार "नाटक कुनै देश, काल र वातावरणसँग सम्बद्ध नरनारीको चरित्र र कार्यलाई पात्रहरूका अभिनयका माध्यमद्वारा प्रदर्शित गरिने उद्देश्यले लेखिएको संवादात्मक साहित्यिक विधा; दृश्य काव्य हो भनी परिभाषित गरिएको छ (२०७२, पृ. ६७६) ।" कथ्य भाषासँग सम्बन्धित भएकाले मौखिक अभिव्यक्तिका माध्यमले व्यक्तिका भावना, चरित्र आदिको प्रदर्शन गरिन्छ । नाटक, एकाङ्की, संवाद, वादविवाद, मनोवाद, वक्तृता आदिका माध्यमबाट रूपकीय प्रस्तुति गरिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ११-१२), २०७६) । एकाङ्की र नाटकबाट अभिनयात्मक कलाका अतिरिक्त अन्य भाषिक सिपको पनि अभ्यास गराउन सकिन्छ । नाटक इतिहास प्रसिद्ध लोक कथावस्तु भएको, पञ्चसन्धिले युक्त, सुखदुःखको चित्रणमा अनेकौँ रसको प्रयोग गरिएको भए पनि वीर र शृङ्गारमध्ये कुनै एक रस मुख्य भएको अभिनेयात्मक गुणले भरिपूर्ण साहित्यिक कृति हो (पन्थ, २०७८, पृ. ११८) । नाटक कथ्यको अनुकार्यप्रधान संवादात्मक संरचना हो । नाटकलाई आख्यानात्मक वा कथानक भएको रचनाका रूपमा चिनिन्छ । यस को कथानकमा ज्यादै आकस्मिक मोड भएका (नाटकीय) घटना वा प्रसङ्गहरू कार्यकारणको शृङ्खलाबाट बुनिएका हुन्छन् । यसको स्वरूप आख्यानात्मक भएकाले यसमा कथानक, चरित्रचित्रण, वातावरण आदि अन्य उपकरणहरूको पनि प्रयोग भएको हुन्छ (शर्मा र श्रेष्ठ, २०७९, पृ. १३१) । नाटककार, रङ्गकर्मी र प्रेक्षक गरी तीन पक्षसँग उत्तिकै सम्बद्ध हुने हुँदा यसको स्वरूप त्रिआयामिक हुन्छ । पाणिनिका अनुसार 'नाट्य' शब्द 'नट्' धातुबाट व्युत्पन्न भएको हो । 'नट्' धातुमा नृत्त र अभिनयको दुवै अर्थ सन्निहित छ । यसैले 'नट्' धातुबाट नद, नाटच र नाटक शब्दको निर्माण भएको देखिन्छ (थापा, २०८०, पृ. ७०) । यसरी प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको व्याख्या अनुकरण हो । यसमा अभिनय, गायन तथा नृत्यलाई जोडेर प्रस्तुत गरिएको हुन्छ । यसलाई दृश्य संरचनामा ढालेर प्रस्तुत गरिने संवादात्मक वा अभिनयात्मक दृश्यविधा मानिएको छ । यो विषयवस्तुमा आधारित प्रदर्शनमैत्री, अभिनयमैत्री तथा दृश्यात्मक विधा हो ।

### छलफल र परिणाम

एकाङ्की र नाटक शिक्षणबाट विद्यार्थीका मौखिक अभिव्यक्तिगत ढाँचाअनुरूप परिस्थितिअनुसार हाउभाउपूर्ण ढङ्गबाट अङ्ग सञ्चालन गरी विचारको प्रस्तुतीकरण र भाषिक प्रयोगमा कुशल बनाउन सकिन्छ । स्नातक तहमा एकाङ्की र नाटक शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रमको पहिचान तथा विश्लेषणमा आधारित भई तयार पारिएको यस लेखमा शिक्षकबाट सङ्कलित तथा सैद्धान्तिक पक्षलाई समेत सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यको विश्लेषण गरिएको छ ।

### एकाङ्की र नाटक शिक्षणका प्रक्रिया

एकाङ्की एउटै उद्देश्य, एउटै घटना, विषयगत एकोन्मुखता र निश्चित उद्देश्य भएको विधा हो । यसमा अभिनयात्मक साहित्य विधाका अभिव्यक्तिगत विशेषतासहित एउटै विषय र एउटै समयको उद्घाटन हुन्छ । संवाद, मञ्चन वा अभिनय एकाङ्कीका प्रमुख तत्त्व हुन् । यसबाट हाउभाउ, अभिनय र भूमिकानिर्वाह सिपको विकास गराउन सकिन्छ ।

शिक्षक एकका अनुसार नाटकीकरण भनेको नाटकका पात्रले गर्ने वा देखाउने हाउभाउद्वारा चारित्रिक व्यवहार झल्कने गरी गरिएका अभिनय वा भूमिका प्रदर्शन हो । परिस्थितिअनुरूप हाउभाउ र अभिनयद्वारा प्रभावपूर्ण ढङ्गले विषय वा प्रसङ्गलाई प्रस्तुतीकरण गर्न सकिन्छ ।

शिक्षक दुईका अनुसार एकाङ्की र नाटक शिक्षण कुनै विषय वा परिस्थितिलाई अभिनय, हाउभाउ, चेष्टा र अङ्ग सञ्चालन गरी मनोरञ्जनपूर्ण किसिमले अभिव्यक्ति दिने क्रियाकलाप हो । यसबाट प्रसङ्गअनुसार पात्रको अनुकरण गरी प्रस्तुत गर्ने क्षमताको विकास गराउन सकिन्छ । भूमिका अभिनय गराउने क्रममा पाठभित्रका पात्रमा चरित्र तथा क्रियाकलाप झल्कने गरी अभिनय गर्न लगाउन सकिन्छ । पाठभित्रका साना रूपकहरूलाई भेषभूषासहित सहक्रियाकलापअन्तर्गत अभिनय गरी प्रस्तुत गर्न लगाउन सकिने भएकाले यसबाट अनुकरण गर्ने सिपको विकास गराउन सकिन्छ ।

शिक्षक तीनका अनुसार एकाङ्की र नाटक शिक्षणबाट खास प्रसङ्गलाई दुरुस्त किसिमले प्रस्तुत गर्ने क्षमताको विकाससहित उपयुक्त अङ्ग सञ्चालन, मुखमुद्रा र आवाजको आरोहअवरोह गर्ने बानीको विकासका साथै बोलाइमा प्रभावकारिता ल्याउन सकिन्छ । लिखित सामग्रीका पाठ वा पुस्तकभित्र भएमा पढ्न लगाउन सकिन्छ । पढेका, हेरेका वा सुनेका आधारमा कसरी भयो भनी अभिनय गर्न लगाउन र शिक्षकले अभिनय हेरी सुधार्नुपर्ने भएमा सुधारी पुनः अभ्यास गराउन सकिन्छ ।

शिक्षक चारका अनुसार एकाङ्की शिक्षणका प्रयोजन मानव स्वभावको अध्ययन गराउनु, विभिन्न परिस्थितिको ज्ञान गराउनु, परिस्थितिअनुसार भाषाको प्रयोग गर्न सक्ने बनाउनु, अभिव्यक्ति क्षमताको विकास गर्नु, स्वस्थ मनोरञ्जन गराउनु, हितकारी उपदेश दिनु, मौखिक भाषामा अभिव्यक्ति पक्षलाई सबल पार्नु, चारित्रिक भूमिका निर्वाह गर्ने ज्ञान प्राप्त गर्नु, मनोरञ्जन प्रदान गर्नु र भाषिक दक्षता अभिवृद्धि गर्नु रहेका छन् ।

शिक्षक पाँचका अनुसार एकाङ्की र नाटक शिक्षण बोलाइ तथा पढाइ सिपसँग सम्बन्धित हुन्छ । शिक्षण क्रियाकलापका क्रममा संवादका क्रियाकलाप गराउने, एकाङ्की सस्वरवाचन गराउने, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोगका क्रियाकलाप गराउने, मौनवाचन गराई प्रश्नोत्तर गराउने, विद्यार्थीलाई एकाङ्कीका विभिन्न पात्र

बनाएर भूमिका अभिनय गर्न लगाउने, एकाङ्कीको भाव भन्न लगाउने, व्याख्या गर्न र सारांश लेख्न लगाउनेजस्ता प्रक्रिया अपनाउन सकिन्छ ।

शिक्षक छका अनुसार एकाङ्की र नाटक शिक्षणका प्रक्रियाका रूपमा परिचय वा प्रस्तावनामा सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, एकाङ्कीका आकर्षक पक्ष, आकर्षणको कारण तथा कथानकभित्रका प्रमुख घटनाको उल्लेख गरी विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापप्रति प्रेरित गर्न सकिन्छ । शब्दार्थ शिक्षणका क्रममा पाठ्यकृतिको सस्वरवाचनका क्रममा देखिएका कठिन शब्दहरूको अर्थ, सन्दर्भगत प्रयोगको अभ्यास गराउन सकिन्छ । पात्रअनुकूल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्यार्थीहरूलाई पालैपालो वाचनको अभ्यास गराउन सकिन्छ ।

शिक्षक सातका अनुसार एकाङ्की र नाटकको आकारका आधारमा पुरै वा आंशिक वाचनको अभ्यास गराउन सकिन्छ । सम्बन्धित रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, घटना, वातावरण, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउन सकिन्छ । कथानक, संवाद, भाषाशैली, चरित्रचित्रण, परिवेश र शीर्षकलगायतका आधारमा एकाङ्की र नाटकको समीक्षा गर्न गराउन सकिन्छ । प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरी विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याको अभ्यास गराउन सकिन्छ ।

शिक्षक आठका अनुसार एकाङ्की र नाटक शिक्षण विधाको शिक्षणका लागि संवादका क्रियाकलाप गराउने, एकाङ्की सस्वरवाचन गराउने, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोगका क्रियाकलाप गराउने, मौनवाचन गराइ प्रश्नोत्तर गराउने, नाटक र एकाङ्कीका विभिन्न पात्र बनाएर भूमिका अभिनय गर्न लगाउने, भाव भन्न लगाउने, नाटक र एकाङ्कीको व्याख्या तथा सिर्जनात्मक क्षमताको विकास गर्नेजस्ता क्रियाकलाप गराउनुपर्छ ।

शिक्षक नौका अनुसार एकाङ्की र नाटक शिक्षणको प्रयोजन मानव स्वभावको अध्ययन गराउनु र जीवनदर्शनको ज्ञान गराउनु हो । एकाङ्कीका हरेक पात्रका जीवनदर्शन भिन्न-भिन्न हुन्छन् । पात्रका जीवनका सुख-दुःख हाँसो, खुसी, रोदन जस्ता कुरा हेरेर-पढेर विद्यार्थीले पनि जीवनोपयोगी ज्ञान हासिल गर्छन् ।

शिक्षक दशका अनुसार एकाङ्की र नाटक शिक्षणले मानव जीवनमा गर्न हुने र गर्न नहुने काम र सामना गर्नुपर्ने परिस्थितिको जानकारी गराएर व्यावहारिक बनाउन पनि यसले ठुलो सहयोग गर्दछ । यसरी एकाङ्की र नाटक शिक्षणको प्रयोजन परिस्थितिअनुसार भाषाको प्रयोग गर्न सक्ने बनाउनु हो । स्थान, समय र परिवेशको भिन्नतालाई जनाउने उपयुक्त भाषाको प्रयोग गर्न दक्ष बनाउनु हो । पात्रहरूको अनुकरण गर्दा परिस्थितिअनुसार भाषाको प्रयोग गर्ने दक्षता विकसित हुन सक्छ ।

## एकाङ्की र नाटक शिक्षणका विधि

एकाङ्की र नाटक शिक्षण गर्दा कक्षाका विद्यार्थी अनुपातका आधारमा भिन्न-भिन्न शिक्षण क्रम अपनाउन सकिन्छ । यसक्रमलाई कक्षाको अनुकूलताका आधारमा परिवर्तन गर्न सकिन्छ । शिक्षक एकका अनुसार परिचय वा प्रस्तावनामा सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, नाटक एकाङ्कीका आकर्षक पक्ष, आकर्षणको कारण तथा कथानकभित्रका प्रमुख घटनाको उल्लेख गरी विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापप्रति प्रेरित गरिन्छ ।

एकाङ्की र नाटक शिक्षणको प्रारम्भिक चरणमा नाटककार वा एकाङ्कीकारको परिचय तथा प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, त्यसका आकर्षक पक्ष, त्यसको छनोट औचित्य र त्यसको दृश्यविधानको उल्लेख

गरिदिनुपर्छ (शर्मा र पौडेल, २०७२, पृ. २२६) । सर्जकको व्यक्तिगत परिचय, कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, नाटक र एकाङ्कीका आकर्षक पक्ष, आकर्षणका कारण तथा कथानकभित्रका प्रमुख घटनाको उल्लेख गरिदिनुपर्छ (ढकाल र खतिवडा, २०७५, पृ. ८७) । एकाङ्की र नाटक शिक्षणका प्रस्तावनाको क्रममा नाटककारको परिचय दिएर नाटकको विषयवस्तु उठान गर्दा नाटक र एकाङ्की शिक्षण प्रभावकारी बन्न पुग्छ । एकाङ्की र नाटक शिक्षणको सस्वरवाचनका क्रममा देखिएका कठिन शब्दहरूको अर्थ, शन्दर्भगत प्रयोग अभ्यास गरी कठिनाई निराकरण गर्न सकिन्छ । यसक्रममा कठिन शब्द छनोट गर्न वा भन्न विद्यार्थीहरूलाई प्रेरित गर्न सकिन्छ । "सस्वर वाचनका क्रममा देखिएका कठिन शब्द तथा शब्दावलीको सन्दर्भ अर्थ र प्रयोगमा छलफल गराउन (शर्मा र पौडेल, २०७२, पृ. २२६) सकिन्छ । यसचरणमा कृतिको सस्वर वाचनका क्रममा देखिएका कठिन शब्दहरूको अर्थ, सन्दर्भगत प्रयोगको अभ्यास गरी कठिनाइ निराकरण गरिन्छ (ढकाल र खतिवडा, २०७५, पृ. ८७) । यसरी कठिन शब्दको निराकरणका अभ्यासबाट नाटक र एकाङ्कीको अध्ययनमा कठिनाइ उत्पन्न हुँदैन । उक्त कठिन शब्द शिक्षकले पाटीमा टिपोट गर्दै जाने र शुद्ध उच्चारण अभ्यास गराउन सकिन्छ ।

शिक्षक एकका अनुसार एकाङ्की र नाटक शिक्षणमा पात्र अनुकूल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्याथीहरूलाई पालैपालो वाचनको अभ्यास गराउन सकिन्छ । नाटक र एकाङ्कीको आकारका आधारमा पुरै वा आंशिक वाचन अभ्यास गराउन सकिन्छ । वाचन सस्वर र मौखिक दुवै रूपमा गराइने भए पनि यहाँ पात्रको आशयअनुसार सस्वरवाचन गर्न लगाउन सकिन्छ ।

शिक्षक दुईका अनुसार नाटक र एकाङ्की शिक्षणका क्रममा शिक्षकले आदर्श वाचन गर्ने र विद्यार्थीहरूलाई पनि आङ्गिक सञ्चालनसहित नाटक र एकाङ्कीको वाचन गर्ने अभ्यास गराउँदा उनीहरूको रुचि पनि उत्पन्न गराउन सकिन्छ । सम्बन्धित रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, घटना, वातावरण तथा संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउन सकिन्छ । यस क्रममा नाटक र एकाङ्कीको सस्वर र मौनवाचन गर्न लगाई प्रश्नोत्तर गराउन सकिन्छ । सम्बन्धित एकाङ्की र नाटकका विषयवस्तु, पात्र विधान, भाषाशैली, वातावरण, संरचना, घटना, तत्त्वका विभिन्न पक्षका बारेमा विद्यार्थीले के कति बुझेछन् भन्ने दृष्टिले प्रश्नहरू सोधी उत्तर दिन लगाउनेजस्ता क्रियाकलाप गराउनु आवश्यक हुन्छ (शर्मा र पौडेल, २०७२, पृ. २२६) । "रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, वातावरण, संरचना, घटना, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउन सकिन्छ" (ढकाल र खतिवडा, २०७५, पृ. ८८) । यसरी सम्बन्धित नाटक र एकाङ्कीको सस्वर वाचन तथा मौनवाचनका क्रियाकलापपश्चात् लिखित र मौखिक रूपमा बोधप्रश्नोत्तर गराउन सकिन्छ ।

शिक्षक तीनका अनुसार कथानक, संवाद, भाषाशैली, चरित्रचित्रण, परिवेश र शीर्षकलगायतका आधारमा नाटक र एकाङ्कीको समीक्षा गरिन्छ । समीक्षा गर्दै विद्यार्थीलाई पनि समीक्षा गर्न प्रेरित गर्नुपर्छ । "नाटक एकाङ्कीका गुणदोष, शीर्षकचयन, कथानक, संवाद, भाषशैली, चरित्रचित्रण, परिवेश, नाटक र एकाङ्कीकारका अन्य नाटक र एकाङ्की वा त्यस्तै खालका अन्य लेखकका नाटक एकाङ्कीसँग तुलनाजस्ता उपायद्वारा नाटक र एकाङ्कीको समीक्षा गर्न सकिन्छ" (शर्मा र पौडेल, २०७२, पृ. २२६) यी क्रियाकलापबाट नाटक र एकाङ्की शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । "कथानक, संवाद, भाषाशैली, चरित्रचित्रण, परिवेश र शीर्षकलगायतका आधारमा नाटक र एकाङ्कीको समीक्षा गरिन्छ" (ढकाल र खतिवडा, २०७५, पृ. ८८) । यस क्रममा उक्त समीक्षा मौखिक र लिखित दुवै रूपबाट गराउन सकिन्छ । समीक्षा कक्षाकार्यका रूपमा र गृहकार्यको रूपमा पनि गराउन सकिन्छ । विद्यार्थीले लेखेका समीक्षालाई कक्षामा वाचन गर्न लगाउन सकिन्छ । एकाङ्की र नाटकमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्यासहित विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याका अभ्यास गराउन

सकिन्छ । नाटक र एकाङ्कीमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको व्याख्या गरिदिई त्यस्तै अन्य पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याका अभ्यास गराउन सकिन्छ (शर्मा र पौडेल, २०७२, पृ. २२७) । प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरिदिएर अरू पङ्क्तिहरू छनी सप्रसङ्ग व्याख्याको अभ्यास गराउन सकिन्छ । यसरी व्याख्याको अभ्यास गराउँदा पहिला नमुनाका रूपमा शिक्षकले नै व्याख्या प्रस्तुत गर्नुपर्छ । विद्यार्थीलाई सोहीअनुसार व्याख्या गर्ने अभ्यास गराउन सकिन्छ । यसको प्रयोजन एकाङ्कीमा प्रयुक्त भावग्रहण गरी सोहीअनुसारको अभिव्यक्ति क्षमताको विकास र अभिव्यक्तिको महत्त्वपूर्ण पक्ष भाव प्रकाशन गराउनु हो ।

### आदर्श नाट्य विधि

आदर्श नाट्य विधि नाटक र एकाङ्कीका सबै पात्रअनुसारका संवाद, ध्वनिपरिवर्तन र शरीर सञ्चालन वा हाउभाउ गरेर शिक्षकले वाचन गर्ने विधि हो । शिक्षक चारका अनुसार यसका माध्यमबाट शिक्षकले विद्यार्थीहरूलाई वास्तविक पात्रले प्रस्तुत गरेको अभिव्यक्ति अनुकरण गर्न प्रेरित गर्ने गरी वाचन गर्न सकिन्छ । “शिक्षकले सम्पूर्ण नाटक र एकाङ्कीमा समस्त पात्रहरूलाई आफैँमा समाहित गरी वाचन गर्छन् । स्थान विशेषमा आवश्यकताअनुसार ध्वनि परिवर्तन र अङ्ग सञ्चालन गरी शिक्षक स्वयम् सबै पात्रको अभिनय गर्छन् । शिक्षकले पात्रगत संवादहरूलाई विद्यार्थीमा वास्तविक पात्रको आभास हुने गरी उच्चारण गर्छन्” (शर्मा र पौडेल, २०७२, पृ. २२५) । “शिक्षकले विद्यार्थीहरूलाई वास्तविक पात्रले प्रस्तुत गर्ने अभिव्यक्ति अनुकरण गर्न प्रेरित गर्ने गरी वाचन गर्छन्” (ढकाल र खतिवडा, २०७५, पृ. ८६) । यो शिक्षक केन्द्रित विधि हो । यसबाट एकाङ्की र नाटक शिक्षण गर्दा विद्यार्थीहरू पूर्ण रूपमा शिक्षकमा निर्भर हुन्छन् । यसबाट विद्यार्थीहरूले कथ्य भाषाको प्रकृतिअनुसार सिक्ने अवसर प्राप्त गर्छन् । शिक्षकले भावअनुसार वाचन र कतिपय ठाउँमा मुखमुद्रा सञ्चालन गर्दै शिक्षण गर्नुपर्छ ।

### कक्षा अभिनय विधि

कक्षा अभिनय विधि पात्रअनुकुल र आवश्यकतानुसार नाटकीकरणसमेत गराउने विद्यार्थी केन्द्रित विधि हो । शिक्षक पाँचका अनुसार यो विधि उच्च तहमा उपयोगी हुँदैन किनकि यसले विधागत विशेषताको समीक्षा गर्न सहयोग गर्दैन । “शिक्षकले कक्षाका केही विद्यार्थी छनोट गरी तिनलाई पाठ्य एकाङ्कीका विभिन्न पात्रहरूको भूमिका दिई कक्षामा अभिनय गर्न लगाउँछन् र विद्यार्थीहरूले त्यसैअनुसार विभिन्न भूमिका खेल्छन्” (शर्मा र पौडेल, २०७२, पृ. २२५) । “विद्यार्थी सक्रिय हुने भए पनि विद्यालयस्तरीय शिक्षणमा उपयोगी हुने तर उच्च तहमा यो उपयोगी हुँदैन किनकि यसले विधागत विशेषताको तात्त्विक समीक्षा गर्न सहयोग गर्दैन” (ढकाल र खतिवडा, २०७५, पृ. ८६) । कक्षामा नै विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाएर आवश्यकताअनुसार नाटकीकरणसमेत गर्न लगाई शिक्षण गरिन्छ । यसबाट विद्यार्थीको भाषा प्रयोगमा सुधार हुँदै जान्छ । यो विधि माथिल्ला स्तरका विद्यार्थीहरूका लागि बढी उपयोगी हुन्छ ।

### व्याख्या विधि

व्याख्यान विधि एकाङ्की र नाटकका विधाका तत्त्वका आधारमा विवेचना गर्ने शिक्षक केन्द्रित विधि हो । शिक्षक छका अनुसार यस विधिअनुसार माथिल्ला कक्षामा नाटक शिक्षण प्रभावकारी हुन्छ । यसमा सस्वरवाचन गर्नुका साथै नाटककारका प्रवृत्तिहरूको पनि चर्चा पनि गरिन्छ । “शिक्षकले सम्पूर्ण नाटक एकाङ्कीलाई वाचन गर्छन् र त्यसपछि व्याख्या गर्छन् । शिक्षकले वाचन गरेपछि नाटक एकाङ्कीका रचयिता, कथानक, पात्रगत चरित्रचित्रण, संवाद, भाषाशैली, शीर्षक सार्थकता, परिवेश आदि नाटक एकाङ्कीका विवेच्य पक्षमाथि मौखिक प्रकाश अनि प्रश्नोत्तर विधिका माध्यमले गुणदोषको निरूपण गर्छन्” (पौडेल र शर्मा, २०७२, पृ. २२५) ।

नाटक र एकाङ्कीका विधाका तत्त्वका आधारमा विवेचना गर्ने विधि नै व्याख्या विधि हो (ढकाल र खतिवडा, २०७५, पृ. ८६) । शिक्षक सातअनुसार नाटकका पात्रहरू, घटना, वस्तु संयोजन, संवाद, भाषाशैली तथा भावको व्याख्यासमेत गरिन्छ । यसद्वारा विद्यार्थीमा नाटक र एकाङ्कीको गुणदोष छुट्याउने क्षमताको विकास हुन्छ ।

**रङ्गमञ्च अभिनय विधि**

रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि हो । यो विधि समय, श्रम र लगानीका दृष्टिले बोझिलो भएकाले प्रयोगमा ल्याउन गाह्रो हुन्छ । "विद्यार्थीहरूलाई रङ्गमञ्चमा नाटक एकाङ्की प्रदर्शन गर्न लगाइन्छ । यो नाटक र एकाङ्की शिक्षणको उपयुक्त तथा उत्तम विधि हो तर अत्यधिक समय र धनको व्ययका कारणले गर्दा यस विधिलाई धेरै प्रयोगमा ल्याउन सम्भव देखिँदैन" (पौडेल र शर्मा, २०७२, पृ. २२५) । "रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि हो । समय, श्रम र लगानीका दृष्टिले यो बोझिलो भएकाले प्रयोगमा ल्याउन गारो हुन्छ" (ढकाल र खतिवडा, २०७५, पृ. ८७) । शिक्षक आठका अनुसार यसको उद्देश्य विद्यार्थीहरूलाई पूर्व तयारी गराएर रङ्गमञ्चमा नै अभिनय गर्न लगाई नाटक शिक्षण गर्न सकिन्छ । यसले विद्यार्थीहरू आफैँ संलग्न भएर अभिनय गरेमा नाटकका बारेमा धेरै कुराहरू सजिलै आत्मसात गर्न सक्छन् भन्ने मान्यता राखेको छ ।

**संयुक्त विधि**

संयुक्त विधिअनुसार शिक्षकले पहिले नाटक र एकाङ्कीका पात्रको संवादलाई वाचन गर्दछन् र त्यसपछि सोहीअनुसार विद्यार्थीलाई पात्रअनुकुल वाचनको अभ्यास गराउन जोड दिइन्छ । "यस विधिमा आदर्श नाट्य विधिमा पाइने दोष, समयको अत्यधिक व्यय र कक्षा अभिनय विधिमा पाइने पात्रअनुसारको संवाद र वाचनका गुण दुबैको संलग्नता हुन्छन्" (पौडेल र शर्मा, २०७२, पृ. २२५) । "शिक्षकले पहिलो नाटक एकाङ्कीका पात्रको संवादलाई वाचन गर्दछन् र त्यसपछि सोहीअनुसार विद्यार्थीहरूलाई पात्रअनुकूल वाचनको अभ्यास गराउन जोड दिन्छन् । यो आदर्श वाचन विधि र कक्षा अभिनय विधिको संयुक्त रूप भएकाले यसमा शिक्षक र विद्यार्थी समान रूपमा सक्रिय हुन्छन्" (ढकाल र खतिवडा, २०७५, पृ. ८७) । शिक्षक नौका अनुसार यस विधिमा पात्रअनुसार आदर्श वाचन गर्नुका साथै विद्यार्थीहरूलाई भावअनुसार वाचन गर्न लगाइन्छ । यसरी यसमा कतिपय प्रसङ्गलाई नाटकीकरणसमेत गर्न लगाइन्छ । विद्यार्थीलाई नाटकका बारेमा विभिन्न दृष्टिले विवेचना गर्ने क्षमता विकासका लागि व्याख्या वा छलफलसमेत गर्न लगाइन्छ ।

**समीक्षा वा प्रश्नोत्तर विधि**

समीक्षा विधि एकाङ्की र नाटकका तत्त्वमा आधारित प्रश्नोत्तर र छलफलको उपयोग गर्दै समीक्षा गर्ने विधि हो । यसमा विविध पक्षमा आधारित भई समीक्षा र विश्लेषण गरिन्छ । यो विधि उच्च तहमा उपयोगी हुन्छ । "सामान्य समीक्षा वा विश्लेषण विधिअन्तर्गत विद्यार्थीहरूलाई पाठ्यवस्तु पढ्न लगाई शिक्षकले नमुना परिचयात्मक टिप्पणी गरेर अभ्यास गराउन सकिन्छ । सैद्धान्तिक पक्षका आधारमा समीक्षा गर्दै विश्लेषण गरिने यस विधिमा नाटक र एकाङ्कीका विभिन्न पक्षको विशिष्ट समीक्षा गरिन्छ ।

**संयुक्त विधि**

संयुक्त विधि तुलनात्मक रूपमा माथिल्ला कक्षाहरूमा प्रयोग गरिने विधि हो । यस विधिअनुसार सुरुमा विद्यार्थीहरूलाई नाटक गहन रूपमा पढ्न लगाइन्छ । त्यसका लागि शिक्षकले विभिन्न सहायक सामग्रीहरूको सङ्केत गरिदिनुपर्छ । यसको साथै शिक्षकले कक्षामा विभिन्न किसिमका प्रश्नहरू राखेर त्यसको उत्तर दिन प्रेरित

गरिन्छ । शिक्षक दशका अनुसार नाटकका पात्रका बारेमा नाटकको मुख्य पात्र कुन हो, त्यसको खास विशेषता के हो, पात्र वर्गीय वा व्यक्तिगत कुन प्रवृत्तिको हो, पात्रमा मानवीय गुण छन् कि छैनन्, पात्रका कमजोरीहरू के हुन् ? लगायतका विविध प्रश्न सोधेर चरित्रचित्रण गर्न सकिन्छ । यसरी माथि चर्चा गरिएका विधिका अतिरिक्त साहित्यका अन्य विधा शिक्षणका विधिहरूलाई पनि आवश्यकताअनुसार उपयोग गर्न सकिन्छ ।

## निष्कर्ष

एकाङ्की र नाटक मानवजीवनको अनुकरणलाई अभिनयमूलक ढङ्गमा दर्शकका लागि प्रस्तुत गरिने साहित्यिक विधा हो । यो संवाद र कथोपकथनका माध्यमबाट मानव जीवनका विभिन्न क्रियाकलापको अनुकरण गरी दर्शकका निम्ति प्रस्तुत मनोरञ्जनात्मक विधा हो । यसबाट विद्यार्थीहरूमा शब्दभण्डारमा वृद्धि र मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गराउन सकिन्छ । यसबाट पठनबोध क्षमता, शब्द प्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन र अनुच्छेद गठनगत सिपको विकास गराउन सकिन्छ । एकाङ्की र नाटक शिक्षणमा विभिन्न शिक्षण विधि उपयोगमा ल्याउन सकिन्छ । एकाङ्की एउटै उद्देश्य, एउटै घटना, विषयगत एकोन्मुखता र निश्चित उद्देश्य भएको विधा भएकाले यसमा अभिनयात्मक साहित्यिक विधाका अभिव्यक्तिगत विशेषताका आधारमा एउटै विषय र एउटै समयको उद्घाटन हुन्छ । आदर्श नाट्य विधि नाटकका सबै पात्रअनुसार शिक्षकले वाचन गर्ने विधि हो । यसमा नाटकका सबै पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन र शरीर सञ्चालन वा हाउभाउ गरेर वाचन गर्न सकिन्छ । व्याख्या विधि नाटकका तत्त्वगत आधारमा विवेचना गर्ने विधि भएकाले शिक्षकले वाचन गरेपछि नाटकका विवेच्य पक्षमाथि मौखिक तथा प्रश्नोत्तरका माध्यमले गुणदोषको निरूपण गर्न सकिन्छ । रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि भएकाले यसमा पात्रअनुकूल आवश्यकतानुसार नाटकीकरणसमेत गर्न लगाउन सकिन्छ । समीक्षा नाटकको शीर्षक, कथावस्तु, घटना, पात्र, संवाद, भाषाशैली लगायतका तत्त्वमा आधारित प्रश्नोत्तर र छलफल गर्दै समीक्षा गर्ने विधि हो । यसमा नाटकका विविध पक्षमा आधारित भई समीक्षा र विश्लेषण गर्न सकिन्छ । संयुक्त विधिअनुसार शिक्षकले पहिले नाटकका पात्रको संवादलाई वाचन गरेपछि सोहीअनुसार विद्यार्थीलाई पात्रअनुकूल वाचनको अभ्यास गराउन सकिन्छ । यसरी एकाङ्की र नाटक शिक्षणका क्रममा एकाङ्की र नाटकको परिचय वा विषयप्रवेश खण्ड, विस्तार खण्ड र उपसंहार खण्डका बारेमा ज्ञान गराउन सकिने निचोड निकालिएको छ ।

## सन्दर्भ-सामग्री


अधिकारी, हेमाङ्गराज (२०६५). *नेपाली भाषा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६५). *प्रारम्भिक नेपाली शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, व्रतराज (२०६६). *आधुनिक नेपाली नाटक.* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७). *नेपाली एकाङ्की र एकाङ्कीकार.* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०७९). *नेपाली नाटक र नाटककार* (तेस्रो संस्क.). साझा प्रकाशन ।

ओझा र अन्य (२०७३). *नेपाली कविता, नाटक र नेपाली साहित्यको इतिहास.* (छैटौँ संस्क). पिनाकल पब्लिकेसन ।

कोइराला, कुमारप्रसाद (२०६६). *केही आधुनिक नाटक र नाटककार.* ओरिएन्टल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०७५). *भाषिक विधा शिक्षण.* पिनाकल पब्लिकेसन ।

थापा, मोहनहिमांशु (२०८०). *साहित्य परिचय* (सातौं संस्क.). साझा प्रकाशन ।

पन्थ, नारायणप्रसाद (२०६७). *नेपाली भाषाशिक्षण.* एसिया पब्लिकेसन्स प्रा.लि. ।

पन्थ, नारायणप्रसाद (२०७८). *नेपाली भाषाशिक्षण.* बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६६). *अनिवार्य नेपाली शिक्षण निर्देशिका.* (२०६६). अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९). *नेपाली साहित्यिक रचना.* (२०६९). अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०७६). *माध्यमिक शिक्षा पाठ्यक्रम.* (२०७६). www.cdc.gov.np/.

पोखरेल, बालकृष्ण र अन्य. (सम्पा.) *नेपाली बृहत् शब्दकोश.* (२०७२). (नवौं संस्क.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०५९). *सिद्धान्त र साहित्य.* (दोस्रो संस्क.). साझा प्रकाशन ।

पोखरेल, रामचन्द्र (२०८१). *नेपाली नाट्यविमर्श* (रङ्गदृष्टि - २). नेपाल नाट्यप्रतिष्ठान. पोखरा नेपाल ।

पौडेल, माधवप्रसाद (२०७०). *नेपाली भाषा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी र अरू (२०६८). *नेपाली गद्य र नाटक.* (तृतीय संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०७९). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* (एघारौं संस्क.) साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (२०६८). *रत्न बृहत् नेपाली समालोचना.* रत्न पुस्तक भण्डार ।